# महासचिव कृष्ण सारु मगरद्वारा प्रस्तुत आगामी तीन वर्षे रणनीति (२०७८-२०८०)

नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिको आगामी दिनका चुनौती र अवसरको सन्दर्भमा तीन वर्षको रणनीति बनाएर बढ्न आवश्यक छ । बिधानको अधिन रही रही समयानुकूल अवधारणा र योजना तथा कार्यक्रम बनाएर अगाडि बढ्नुपर्ने दायित्व यस कार्यसमिति सामु छ । सोही अनुसार नयाँ कार्यसमितिको दोस्रो बैठकमा आगामी तीन वर्षे रणनीतिको कार्ययोजना प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**नीति कार्यक्रम** : प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, बनेका र बन्दै गरेका विभिन्न कानून, श्रमजीवी पत्रकारका समस्या तथा श्रमजीवी पत्रकार ऐनले व्यवस्था गरेका सेवा सुविधा प्राप्तिको अवस्था, कोरोना भाइरसको संक्रमणले पत्रकार र सञ्चारमाध्यममा पारेको असर लगायतका विषयबस्तुमा केन्द्रीत रहेर हामीले काम गर्नुपर्ने छ । मिडिया कानूनहरुको निर्माणमा हस्तक्षेप गनुपर्ने अवस्था, महासंघको सांगठनिक पुनर्संरचना तथा शुद्धीकरणका लागि गर्नुपर्ने काम, पत्रकारहरुको पेशागत हक जस्ता विषयमा हाम्रो ध्यान केन्द्रीत हुन जरुरी छ ।

प्रेस बिरोधी कानून संसोधन, अभिब्यक्ति स्वतन्त्रता, पत्रकार आचारसंहिता पालना, पत्रकारको आर्थिक र भौतिक सुरक्षा कायम गर्न, सेल्फ सेन्सरसिपमा न्युनिकरण गर्न विषेश पहल गरिनेछ ।

**श्रमजीवी पत्रकारको अवस्था र अधिकार :**
न्यूनतम पारिश्रमिक लगायत श्रमजीवी पत्रकार सम्बन्धी कानूनहरू आंशिक मात्र कार्यान्वयन भएको अवस्था रहेकाले महासंघले पूर्ण कार्यान्वयनमा प्रष्ट कार्ययोजना बनाउनु आवश्यक छ ।

कोभीडको मारहमा पनि सबैभन्दा ठुलो असर सञ्चार माध्यम र पत्रकारिता क्षेत्रमा परेको छ । धेरै सञ्चारकर्मीले रोजगारी गुमाएको अवस्था छ । काम गरिरहेकाहरुले पनि पारिश्रमिक नपाएका गुनासा धेरै छ । यसकारण कतिपयले पेशा छाड्न,अन्य पेशा अंगाल्न समेत बाध्य भएका छन् ।

स्थानीय सञ्चारमाध्यमसँगै  वर्षौदेखि मुनाफामा चलिरहेका काठमाण्डौंबाट प्रकाशन प्रशारण हुने सञ्चारमाध्यमले समेत कोभीड बहानामा पत्रकारहरुलाई जागिरबाट निकाल्ने, तलब घटाउने, बेतलबी बिदामा राख्ने, समयमा तलब नदिने जस्ता काम गरेका छन् । त्यसैले श्रमजीवी पत्रकारको पेशागत सुरक्षाका लागि विशेष अभियान नै संचालन गर्नुपर्ने आवश्यकता देखिएको छ । श्रमजीवी पत्रकारको पक्षमा प्रदर्शनलगायतका संघर्षका कार्यक्रमलाई थप प्रभावकरी बनाइनेछ ।

श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयन गराउन अझै सकिएको छैन । त्यसको लागि महासंघले समन्वयकारी, दवाबमुलक र संघर्षमुलक कार्यक्रम अघि बढाउन जरुरी छ । जिल्ला र केन्द्र महासंघ, सञ्चार रजिष्ट्रारसँग सहकार्यमा पहिलो चरणमा प्रदेशभभित्रका ठूला सञ्चारमाध्यममा अनुगमन र मिडिया सञ्चालकहरुसँग सम्बाद गर्दै अघि बढिनेछ ।

श्रमजीवी पत्रकारहरूको पेशागत हकहितका लागि श्रमजीवी पत्रकार ऐन कार्यान्वयन अनिवार्य छ । त्यसका लागि सञ्चार प्रतिष्ठान, व्यवस्थापन सम्बद्ध संस्था र सरकारलाई दबाब दिइनेछ । पत्रकारिता क्षेत्रका विभिन्न संस्था तथा निकायका साथै प्रेस रजिष्ट्रारको कार्यालय, श्रम कार्यालय, अदालत र संसदका विभिन्न समितिसँग सहकार्य गरिनेछ । त्यसअघि केन्द्र, प्रदेश र शाखामार्फत अनुगमनलाई निरन्तरता दिइनेछ ।
कुनै पनि सञ्चार गृहले पत्रकारहरूलाई अवकाश दिँदा सम्बन्धित श्रमजीवी पत्रकारहरूलाई कानुनमा तोकिएबमोजिम सुविधा दिएर मात्र बिदा गर्ने कानुनी व्यवस्थालाई कडाईका साथ लागू गर्न कानूनी तथा दबाबमुलक आन्दोलन गरिनेछ ।

**साथै** श्रमजीवी पत्रकारका समस्या समाधानका लागि दबाब, छलफल, कानूनी प्रक्रिया र प्रदर्शन लगायतका संघर्षका कार्यक्रम अघि बढाउन समेत जरुरी छ । महासंघ ट्रेड यूनियन पनि हो भन्ने कुरा स्पष्ट रूपमा विधानमै उल्लेख गरेर आइसकेको सन्दर्भमा यसको पूर्ण कार्यान्वयनका लागि उचित श्रम अभ्यास प्रदेश तहबाट पनि गरिनेछ ।

ऐन कार्यान्वयन नगर्ने सञ्चार प्रतिष्ठानलाई प्रदेश र स्थानीय तहबाट सरकारी विज्ञापन नदिन, लोककल्याणकारी विज्ञापन नदिन र सरकारबाट प्राप्त अन्य सेवा सुविधा रोक्न दबाब दिइनेछ ।

पत्रकारको पेशागत सुरक्षाका लागि महासंघको प्रदेशमा गुनासो सुनुवाई तथा कानूनी डेस्क निर्माण गरिनेछ । महासंघ केन्द्रको समन्वयमा संघीय सरकार मार्फत हुने दुर्घटना बिमामा बागमती प्रदेशका सबै सदस्यहरुलाई समावेश गराउन पहल गरिनेछ । स्वास्थ्य बिमा गर्न पहल गर्दै सबै सरकारी अस्पतालमा पत्रकारको निःशुल्क उपचार गर्ने संघीय सरकाको बजेटको व्यवस्थालाई प्रदेश भित्रको अस्पतालहरुमो छिटो कार्यान्वयको लागि कार्यान्वयन गरिनेछ ।
प्रदेश सरकारले निर्माण गरेको सञ्चार माध्यम व्यवस्थापन ऐनमा उल्लेख अनुसार  पत्रकार कल्याण कोष स्थापना गर्न पहल गरिनेछ । प्रदेश सरकार, सञ्चार रजिष्ट्रार कार्यालयसँगको सहकार्यमा पत्रकारितकाको दौरानमा कुनै दुर्घटनामा परे वा दिर्घरोगबाट पीडि भएका पत्रकारहरुलाई सहयोग गर्न कोष स्थापना गर्ने ।

श्रमजीवी पत्रकारका लागि बिभिन्न बिधामा पुरस्कार स्थापना गरि प्रदान गरिनेछ । त्यसको लागि प्रदेश, स्थानीय सरकार र सञ्चार क्षेत्रलाई माया गर्ने अन्य निकाय तथा ब्यक्तिहरुसँग समन्वय गरिनेछ ।

**सदस्यता शुद्धीकरण :**

विधानअनुसार सदस्यता नवीकरण, नयाँ सदस्यताको स्वीकृति प्रदेश समितिको काम हो । आफ्नो जिम्मेवारी पुरा गर्न र केन्द्रको हस्तक्षेपबाट मुक्त हुन आफ्नो अधिकार प्रयोगमा सशक्त भएर काम गर्न जरुरी छ । प्रदेश समिति अन्तर्गत १० जिल्लामा नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिको बर्तमान कार्य समितिको निर्वाचन पूर्व  १२९६  सदस्य रहेको केन्द्रीय कार्यालयको तथ्याङ्क छ ।

महासंघ केन्द्रीय समितिसँगको सहकार्यमा सदस्यहरुको नामावली सार्वजनिक गरिनेछ । महासंघको वेबसाइटलाई थप व्यवस्थित गरिनेछ । वेबसाइट र फेसबुक पेजमार्फत सबै सदस्यता सार्वजनिक गरिनेछ । तीन महिनाभित्र सदस्यहरुको विवरण अध्यावधीक गरिनेछ । सार्वजनिकरुपमै महासंघका सदस्यले कुन मिडियामा काम गरिरहेको छ भन्ने कुराको जानकारी दिइनेछ । त्यसका लागि महासंघको हरेक सदस्यले कुन मिडियामा र कहिलेदेखि (विगतमा काम गरेको र अहिले काम गरिरहेको संस्थाको नामसमेत) काम गरिरहेको भन्ने विवरण सार्वजनिक गरिनेछ ।

महासंघका सदस्यहरुको अध्यावधिक विवरण सार्वजनिक गरेपछि हरेक सदस्यकाबारेमा उजुरी आव्हान गरिनेछ । प्राप्त उजुरीउपर छानबिन गरेर पत्रकारितामा क्रियाशील नभएकाको सदस्यता नवीकरण रोकिनेछ । पत्रकारितामा लामो समयदेखि काम नगरेका तर पुराना पत्रकारहरुको सदस्यता मानार्थ सदस्यतामा रुपान्तरण गर्न सकिनेछ । कुनै पनि सदस्यले आफू हाल क्रियाशील नभएकाले विदाई हुन चाहेको भन्दै स्वघोषणा गरेर महासंघमा निवेदन दिएमा त्यस्ता सदस्यलाई सम्मानसहित विदाइ गरिनेछ ।

राजनीतिक दलको प्रचार विभाग वा प्रेस हेर्नेगरी बनेका समितिहरुमा रहेका महासंघका सदस्यको हकमाबाहेक राजनीतिक दलको कार्यकारी भूमिकामा काम गरिरहेकाहरुको सदस्यता महासंघको विधानअनुसार मान्य नहुने भएकाले खारेज गरिनेछ । निरन्तर दुई वर्षसम्म सदस्यता नवीकरण नगरेका व्यक्तिको सदस्यता खारेज हुने विधानको व्यवस्थालाई पूर्णरुपमा पालना गरिनेछ ।

संगठनात्मक सुधार अन्तर्गत एक महिना भित्र नेपाल पत्रकार महासंघ नुवाकोट बिवाद समाधान गरि नियमित कार्यालय सञ्चालनको बातावरण निर्माण गरिनेछ । जिल्ला शाखालाई संगठनात्मक हिसाबले बलियो बनाउँदै सञ्चारकर्मीहरुको हित र सञ्चारमाध्यमको प्रवर्धनको लागि कार्ययोजना बनाएर काम गर्न आज शाखा अध्यक्ष, सचिव र कोषाध्यक्षको भेला आयोजना भइरहेको छ ।

**भौतिक पूर्वाधार :**

महासंघको कार्यालयलाई थप व्यवस्थित गर्न कर्मचारी राखिएको छ । नियमित कार्यालय सञ्चालन भइरहेको छ । महासंघको हाल कार्यालय रहेको हेटौंडा ११ स्थित जमिनको भोगाधिकार लिन पहल जारी छ । यो वर्षभित्र भोगाधिकार लिएर व्यवस्थित भवन निर्माणको थालनी गरिनेछ ।

**प्रेस कार्ड :**

सञ्चार रजिष्ट्रारको कार्यालयबाट जारी हुने प्रेस पासको बितरण जिल्ला शाखाहरु मार्फत हुने ब्यवस्था मिलाइनेछ । अनलाईनबाट सिधै फम भर्न मिल्ने भएकाले कार्ड लिन हेटौंडा वा काठमाण्डौं धाउनु नपर्ने ब्यवस्था गरिनेछ ।

**कोरोना कहर :**

कोरोना कहरले सञ्चार क्षेत्र अत्यन्त धरासायी बनेको छ । यो संकट समाधानका लागि सरकारले सञ्चार गृहहरूलाई प्याकेज दिनु आवश्यक छ । सञ्चार माध्यमलाई उद्योगको मान्यता दिएर सहुलियतपूर्ण ऋणको ब्यवस्थाको लागि चालु आबको बजेट अघि हामीले पहल गरेका थियौं । तर प्रदेश सरकारबाट सम्बोधन भएन । कोरोना बीमा गरेर रकम प्राप्त नगरेका पत्रकारहरुको हकमा छिट्टै रकम उपलब्ध गराउन पहल गरिनेछ ।

कोभीड समस्याका कारण पत्रकारहरूले रोजगारी गुमाएका छन् भने कतिले न्यून पारिश्रमिकका काम गर्न बाध्य भएका छन् । कतिपय विस्थापित पत्रकारले वैकल्पिक पेशा अपनाउन समेत बाध्य भएका छन् । संकटको बेला व्यवस्थापनबाट सहयोगको साटो निष्कासन, तलब कटौती, बेतलबी बिदा जस्ता अमानवीय गतिविधि भएपछि पत्रकार तथा कर्मचारीहरू आर्थिक तथा मानसिक दबाबमा छन् । प्रेस काउन्सिल नेपाल, न्यूनतम पारिश्रमिक निर्धारण समिति र सूचना तथा प्रसारण विभाग, सञ्चार रजिष्ट्रारको कार्यालय लगायतका निकायको ध्यान पनि पत्रकारका पक्षमा जानु पर्ने आवश्यकता छ ।

महासंघ प्रदेश समितिले कोरोना दोस्रो लहरको समयमा कोभीड बिपद व्यवस्थापन कोष निर्माण गरेको छ । उक्त कोषमा जम्मा भएको रकम कोभीडबाट बिरामी भएका पत्रकारहरुको उपचारमा खर्च गरिँदै आएको छ । अन्य बिपदमा परेकाहरुले पनि कोक्त कोषबाट सहयोग पाएका छन् ।

मिडियाको वर्गीकरणका लागि प्रदेश सरकारलाई आग्रह गरिनेछ । आम सञ्चार क्षेत्रको गुनासो र दवाब पछि सञ्चार रजिष्ट्रारको कार्यालयले एकसय वाटको रेडियालाई पनि सुचिकृत गर्न थलेको छ । अब अनलाईन सञ्चार माध्यमलाई पनि सुचिकृत गरी व्यवस्थित सञ्चालन,नियमन र प्रदेश सरकारबाट दिने सेवा सुविधाको लागि पहल गरिनेछ ।

सबै प्रकारका मिडियालाई इन्टरनेट, टेलिफोन तथा मोबाइल र विद्युतमा विशेष छुट दिन महासंघले पहल गर्नेछ ।

**तालिम :**

पत्रकारको क्षमता अभिवृद्धिका लागि चालु आर्थिक वर्षलाई तालिम वर्ष घोषणा गरिनेछ । सञ्चारमाध्यमसँग सूचना लिने भन्दा पनि जनतासँग सूचना पुर्‍याउनुपर्ने स्थिती बनेको छ । सूचना प्रविधिको विकाससँगै लेखनशैली र अन्य क्षमता विकास पत्रकारको लागि आवश्यक छ ।

न्यू मिडिया अहिलेको सशक्त माध्यम हो ।  टेलिभिजन, रेडियो, अनलाइनहुँदै अहिले युट्युब सशक्त माध्यम बन्न पुगेको छ । सबै क्षेत्र समेटेर विषयत तालिम सञ्चालन गरिनेछ । त्यसको लागि प्रदेश सरकार, सञ्चर रजिष्ट्रार र अन्य निकायहरुसँग सहकार्य गरिनेछ ।

स्थापना कालदेखि बर्तमान कार्य समितिको विवरण खुल्नेगरी महासंघको संक्षिप्त पुस्तक प्रकाशन गरिनेछ ।

**सञ्चार रजिष्ट्रारको अधिकार :**

देशकै पहिलो सञ्चार रजिष्ट्रार बागमतमी प्रदेशमा रहेको छ । रजिष्ट्रारलाई प्रशासनिक अधिकार पनि दिइएको छ । तर प्रदेश सरकार रजिष्ट्रारलाई ऐनले दिएको अधिकार कटौतीको तयारीमा जुटेको छ । रजिष्ट्रारको अधिकार कटौती गरेर अधिकार बिहिन बनाउने तयारी स्वरुप मुख्यमन्त्री कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पटक पटक छलफल भएको छ । आन्तरिक मामिला तथा कानून मन्त्रालयले रजिष्ट्रारको अधिकार कटौती गरी भूमिका बिहिन बनाउन प्रदेशसभामा सञ्चार माध्यम व्यवस्थापन ऐन संसोधनको लागि पठाउने तयारी अन्तिम चरणमा पुगेको छ । रजिष्ट्रारले बजेट, योजना निर्माण कार्यान्वयन गर्न नपाउने र दैनिक प्रशासनिक काम गर्न नपाउने गरी अधिकार कटौती गर्ने र रजिष्ट्रारलाई अधिकार बिहिन बनाउने तयरीको हामी कडा शब्दमा बिरोध गर्दछौं ।

साथै प्रदेश र स्थानीय तहले निर्माण गरेका सञ्चार सम्बन्धि ऐनहरुमा भएका प्रेस बिरोधी प्रावधान हटाउन र प्रेस बिरोधी ऐन कानून निर्माण हुन नदिन महासंघले आवश्यक भूमिका खेल्नेछ ।

**समितिहरु गठन :**

तालिम तथा प्रशिक्षण  समिति, आर्थिक समिति, संगठन समिति, श्रमजिवी पत्रकार हित प्रवर्धन समिति, स्वास्थ्य समिति, महिला पत्रकार हित समिति, सञ्चारमाध्यम हित प्रवर्धन समिति, प्रकाशन समिति गठन गरिनेछ । आवश्यकता अनुसार समिति थपघट गर्न सकिनेछ । समितिमा कार्य समिति बाहेक बाहिरका केही सदस्य पनि मनोनित गरिनेछ ।

**अन्य कार्ययोजना :**

१) महिला पत्रकारहरुको प्रदेश स्तरीय भेला, महिला पत्रकार सम्बद्ध संस्थाहरु र अन्य निकायसँगको समन्वयमा  एक वटा भेला गरिनेछ ।

२) प्रदेश स्मारिका प्रकाशन, प्रत्येक वर्ष १ वटा प्रकाशन गरिनेछ ।

३) आन्तरिक र बाह्य भ्रमण २०७८/७९ भित्र,  कोभीडको जोखिम न्युन भएपछि भारत,चाइना र अन्य देशहरुमा भएका सञ्चार क्षेत्रको विकारबारे अध्ययन गर्न र आन्तरिक भ्रमणको पनि पहल गरिनेछ ।

४) पत्रकार आचारसंहिताबारे अन्तरक्रिया कार्यक्रम दश वटै जिल्लामा पुगेर कार्यक्रम गर्ने, प्रेस काउन्सिल र सञ्चार र सञ्चार रजिष्ट्रार कार्यालयसँगको सहकार्यमा गरिनेछ ।

५) जेष्ठ पत्रकारहरुको अनुभवन समेटिएको पुस्तक प्रकाशन गर्ने । प्रदेश पत्रकार महासंघको पहलमा सञ्चार रजिष्ट्रार कार्यालयमा चालु आबमा बजेट समेत बिनियोजन भएको छ । प्रदेशभित्र तीन दशक बढि काम गरेका चार जना बरिष्ठ पत्रकारको अनुभव समेटिएको पुस्तक सञ्चार रजिष्ट्रारको कार्यालय मार्फत प्रकाशन गरिनेछ ।

धन्यवाद ।
२०७८ कात्तिक १३ गते